# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## Communist Party of Nepal (UML)

## जिल्ला कमिटी, झापा


च.नं.
प.स. ०८२/०८३

मिति : २०८२/१२/१४

## *प्रेस विज्ञप्ति*

आदरणीय झापावासी दाजुभाई तथा दिदीबहिनीहरु !

यतिखेर विश्व परिस्थित असान्त बनिरहेको छ । त्यसको बाछिटा नेपालमा पनि पर्न गएको कुरा सबैमा विधितै छ । भर्खरै २०८२ फाल्गुण २१ गतेको निर्वाचनले एउटा परिणाम दिएको छ । मन्त्रीमण्डल पनि गठन भई बालेन्द्र शाह प्रधानमन्त्री बन्नु भएको छ । निर्वाचनको परिणाम देश बिगार्न होइन, राष्ट्रियता कमजोर पार्न होइन, अमुक शक्ति राष्ट्रको इसारामा चल्न होइन । नेपाल ठुला दुई राष्ट्रबिचको सानो राष्ट्र हो यसको आफ्नै गौरवशाली इतिहास छ । पुर्खाको स्वाभिमानले बचाएको देश बिग्रन दिनु हुदैन यो हाम्रो कर्तव्य पनि हो । नेपाली जनताले १०४ बर्ष अन्धकारको जिवन बिताउनु भएको, ३० बर्ष एकदलिय निरंकुशतामा बाँच्नु परेको, मौलिक हकबाट बञ्चित हुनु परेको थियो । दलिय व्यवस्थाको करिब ३५ बर्ष पनि नेपाली जनताले अनुभव गरेका छन् । दलिय व्यवस्थामा केही विकृति, विसंगति सृजना नभएका होइनन् तर तिनको निकास जनताले निर्वाचनबाट दिन्छन्, यो लोकतन्त्रको मान्यता हो ।

गत २०८२ भदौ २४ गते जेनजेड पुस्ताले सामाजिक सञ्जालको फुकुवा, सुशासन कायम, भष्ट्राचारको अन्त्य जस्ता माग राखी शान्तिपूर्ण आन्दोलन, विरोध प्रदर्शन गरेको कुरा सबैमा थाहा छ । शान्तिपुर्ण आन्दोलनलाई बिचैमा अपहरण गरी प्रदर्शनकारीलाई उत्तेजित बनाई तोडफोड गर्न लगाई निहत्था प्रदर्शनकारीमाथि जुन प्रकारको दमन गरी गोली प्रहार गरियो १९ जनाको हत्या भयो, यो घटना आफैमा रहस्मय छ त्यसको निष्पक्ष छानबिन गरी दोषीमाथि कारावाही हुनु पर्छ भन्नेमा दुई मत छैन । भदौ २३ गतेको घटनापछि २४ गते देशव्यापी रुपमा तोडफोड, आगजनी, अख्तियारको कार्याल, पालिका भवनहरु, प्रदेश सरकारका कार्यालयहरु, संस्थाका सवारी साधनहरु नेता कार्यकर्ताहरुका निवास र सवारी साधन तोडफोड र आगजनी गरिए । सुरक्षाकर्मीका कार्यालय ध्वस्त पारिए सुरक्षाकर्मीमाथि हापात र अपमान गरिए । यी सबै घटना आकस्मिक थिएनन् । तत्काल सरकार विगठन भई सुशिला कार्कीको अगुवाईमा सरकार गठन भई त्यसले भदौ २३ र २४ गतेको जाँचबुझ गरी प्रतिवेदन दिन गौरीबहादुर कार्कीको अध्यक्षतामा जुन आयोग बन्यो त्यसले । त्यसले प्रतिवेदन पनि दिइसकेको छ । गौरीबहादुर कार्कीको आयोगले भदौ २३ गतेको घटनालाई मात्र बढी केन्द्रीत गरेको र २४ गतेको आपराधिक घटनामा कसैलाई दोषी करार नगरेको कुरा आफैमा षड्यन्त्रमुलक रहेको छ । भदौ २४ गतेको आगजनीमा सरकारी भवन मात्र जलेनन् त्यसभित्र भएका महत्वपूर्ण कागजातहरु समेत जले । यो घटना राष्ट्रद्रोहको घटना हो । राज्य पक्षपाती भयो रिस उठेका र चित्त नबुझेका मानिसमाथि कारवाही, आफ्नो पक्ष बचाउ गर्ने कुराले समस्या समाधान गर्दैन । त्यसले त राज्यलाई झन् मुठभेड र द्वन्दमा लैजान्छ ।


मदन आश्रृत भवन, बिर्तामोड, झापा, नेपाल, फोन नं. +९७७०२३५३०२०१, ०२३५३००३३, इमेल :cpnuml_jhapa@yahoo.com

Madan Ashrit Building, Birtamod, Jhapa, Nepal, Phone no. +977023530201, 02353033, :cpnuml_jhapa@yahoo.com

आज सरकारको जुन हर्कत देखियो त्यसको विरोध र भर्त्सना गर्दछौं । देश लुट्न, देशमा आगजनी गर्ने, व्यक्तिको धनसम्पत्ति लुट्न, आगजनी गर्ने अपराधी छानी फुलाएर हिड्ने, सरकारमा रहेको कारण तत्कालीन गृहमन्त्री रमेश लेखक र पुर्वप्रधानमन्त्री तथा हाम्रो पार्टीका श्रद्धेय अध्यक्ष कमरेड केपी शर्मा ओलीमाथि कारवाही चलाउने बिषय पूर्ण पक्षपाती र पूर्वाग्रही छ । यस्ता क्रियाकलाय तुरुन्त सच्याउन र सबै खालका अपराधीलाई कारवाहीको दायरामा ल्याउन जोडदार माग गर्दै वर्तमान बालेन्द्र शाह सरकारको ध्यानाकर्षण गर्न चाहन्छौं ।

**हार्दिक अभिवाद सहित !**

**क. प्रेम गिरी**

**अध्यक्ष**

**मदन आश्रृत भवन, बिर्तामोड, झापा, नेपाल, फोन नं. +९७७०२३५३०२०१, ०२३५३००३३, इमेल :cpnuml_jhapa@yahoo.com**

Madan Ashrit Building, Birtamod, Jhapa, Nepal, Phone no. +977023530201, 02353033, :cpnuml_jhapa@yahoo.com